नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
नगर सन्देश वा:पौ (साप्ताहिक)
वर्ष १ ● अङ्क ३५ ● ने.सं. ११४० दिल्लागा ८ (अष्टमि) ● वि.सं. २०७७ असार २९ गते, सोमबार ● 2020 July 13, Monday ● पृष्ठ ८

अनलाइन संस्करण

# कीनपाद्वारा चिकित्सा परामर्श सेवाको 'जीभी' एप सार्वजनिक

विश्वभरि फैलिरहेको कोभिड १९ को महामारीको समयमा स्वास्थ्यमा समस्या भएका जनताहरू अस्पतालसम्म जानुपर्ने तथा औषधि लिनका लागि समेत कठिनाई भैरहेको कुरालाई मध्यनजर गर्दै कीर्तिपुर नगरपालिकाले अनलाइन चिकित्सा परामर्श सेवा मोबाइल एप्लिकेसन सञ्चालनमा ल्याएको छ। गत असार २६ गते शुक्रबार कीर्तिपुर अस्पतालमा भएको कार्यक्रममा कीर्तिपुर नगरपालिका स्वास्थ्य समितिका संयोजक तथा वडा नं. १ का अध्यक्ष हर्ष महर्जनले मोवाइलमा क्लिक गरी यस jeevee नामक एपको उद्घाटन गर्नुभएको थियो।

जीभी कम्पनीको सहयोगमा निर्मित यस एपमार्फत घरमै बसेर नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरूसँग आफ्नो मोबाइलमार्फत सजिलै परामर्श लिन सकिने जानकारी गराएको छ।


हाल यस जिभी एपमार्फत बिभिन्न बिधाका करिब १००० जना चिकित्सकहरूसँग सिधा परामर्श लिन सकिने र हाल कीर्तिपुर अस्पताल, बिष्णुदेवी




अस्पतालका चिकित्सकहरू पनि यसै एपमा सम्मिलित भइहेको जानकारी दिएको थियो।

“हेल्थवर्कर्स अफ कीर्तिपुर” नामक सामाजिक सञ्जाल समूहबाट सल्लाह प्राप्त भई कीर्तिपुर नगरपालिकाले प्रयोजनमा ल्याएको यस एप्लिकेसनमा कीर्तिपुर निवासी करिब २० जना चिकित्सकहरूले निःशुल्क परामर्श दिँदै आइरहेका छन्।

कार्यक्रममा कीर्तिपुर निवासी चिकित्सकहरूलाई प्रमाण पत्र वितरण गरी सम्मान पनि गरिएको थियो। कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले स्वागत गर्नुहुँदै हालको विषम परिस्थितिमा अस्पतालसम्म आउनु नपर्ने गरी आफ्नो हातमै भएको मोबाइलमार्फत सेवा लिन सकिने गरी बनाइएको यस मोबाइल एप निकै सान्दर्भिक एवं महत्त्वपूर्ण भएको बताउनु भयो। यस एप निःशुल्क डाउनलोड गरी प्रयोग गर्न सकिने र यसमा विरामी हो भने सोही अनुसार एप भित्र गई आवश्यक चिकित्सक परामर्श लिन सक्ने र चिकित्सक हो भने सोही अनुसार एप भित्र गई आवश्यक परामर्श दिन सक्ने सुविधा रहेको जानकारीका साथ यो एप




कसरी चलाउने भन्ने बारे एक डेमो पनि प्रस्तुत गरिएको थियो।

जीभि कम्पनीका अधिकारीहरूले यस एपका विभिन्न सेवाहरूका बारेमा बताउनु भएको थियो। कार्यक्रममा कीर्तिपुर अस्पतालका डा. वसन्त महर्जनले पनि आफ्नो मन्तव्य राख्नुभएको थियो भने सन्तोष महर्जनले सञ्चालन गर्नुभएको थियो।

## सम्पादकीय

### उपभोक्ता समितिलाई वास्तविक उपभोक्ता समिति बनाऔं

नेपालमा हाल तीन तहको सरकार विद्यमान छन् । अझ हाल आएर जिल्ला समन्वय समितिहरूले समेत आफूलाई विकासे निकायको रुपमा रुपान्तरणको प्रयास गरिरहेको देखिन्छ। तीनै तहको सरकार र जिल्ला समन्वय समितिले विकास निर्माणमा बजेट परिचालन गर्न मूलत तीन वटा मोडेल अपनाएको देखिन्छ। ती मध्ये विकास निर्माण कार्यमा सम्बन्धित समुदायका उपभोक्ता स्वयम्को सहभागिता गराउने उद्देश्यले उपभोक्ता समिति गठन गर्ने र सोही समितिमार्फत काम गराई विकास निर्माण कार्यलाई दीगो बनाउने लक्ष्य लिइएको देखिन्छ । त्यसरी उपभोक्ता समिति बनाई गरिने कार्यलाई व्यवस्थित, पारदर्शी र विवादरहित बनाउने उद्देश्यका लागि स्थानीय तहहरूले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि बनाएका छन्। तर अपवादमा बाहेक व्यवहारमा उपभोक्ता समिति रकम प्राप्त गर्नका लागि मात्र बनाउने र बनेका समिति आफैले निर्माण कार्य गरेको पाइएको छैन।

व्यवहारमा अधिकांश उपभोक्ता समितिहरूमार्फत गर्ने कार्य बिना प्रतिस्पर्धा समितिका व्यक्तिहरूको आफ्ना निकटका निर्माण व्यवसायीहरूलाई काम प्रदान गर्ने प्रयोजनका लागि गरिएको जस्तो देखिन्छ। समितिले गर्ने कार्यलाई दीगो, गुणस्तरीय, पारदर्शी र विवादरहित बनाउन पालिकाहरूले बनाएका कार्यविधिको प्रभावकारी कार्यान्वयनमा समस्यामा देखिएका छन् । उक्त कार्यविधिमा उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्थाको उपदफा (१) (ञ) मा उपभोक्ता समितिले सम्झौताबमोजिम गर्नुपर्ने कार्य समिति आफैले गर्नुपर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्तिहरूलाई ठेक्का दिई गर्न गराउन पाइने छैन भन्ने उल्लेख छ तर यी नियम देखाउन मात्र राखिएको प्रतीत भएको छ। अधिकांश उपभोक्ता समितिहरूले अप्रत्यक्ष रुपमा सम्झौता गरी आफ्ना निकटका निर्माण व्यावसायीलाई ठेक्कामा उक्त निर्माण कार्य गर्न लगाउने गरिएको छ। यस कार्यले उपभोक्ता समितिको आधारभूत मान्यता र सिद्धान्तको खिल्ली उडाएको छ। त्यसैले आगामी दिनमा उपभोक्ता समितिमार्फत गर्न स्वीकृत भएका योजनाहरू कुनै पनि प्रकारका ठेकेदारलाई काम लगाइएको पाइएमा सम्झौता रद्द गरी त्यस्ता उपभोक्ता समितिलाई कालो सूचिमा राख्ने र पेश्की वा प्रथम किस्ताबापत दिइएको रकम व्याज सहित असुल उपर गर्ने नीति लिनु जरुरी छ।

त्यस्तै सोही कार्यविधिमा अनुगमन समितिको पनि व्यवस्था गरिएको छ तर ती अनुगमन समिति कागजमा मात्र सिमित बन्ने गरेका छन्। तिनलाई अन्तिममा भुक्तानी प्राप्त गर्न सिफारिस गरिने माध्यममात्र बनाउने गरिएको छ। जसले गर्दा अनुगमन समितिबाट कामको निगरानी गराउने जुन भाव थियो सो पूरा हुन पाएको छैन।

# स्थानीय स्तरमा प्रकोपको प्रभाव र व्यवस्थापन - १

**हर्षमान महर्जन**

वास्तवमा, प्रकोप भनेको त्यस्तो विपत्तिपूर्ण परिस्थिति हो,जुन परिस्थितिमा धेरै जस्तो जनजीवन अकस्मात अस्त व्यस्त हुनका साथै स्थानीय स्तरमा प्रकोपको प्रभावलाई व्यवस्थापन गर्ने क्षमता रहँदैन र वाह्य सहयोग आवश्यकता पर्दछ। त्यसैले विपद्का लागि पूर्वतयारी गर्नु पर्ने र जोखिमका अन्तरनिहित तत्त्वहरूलाई कम गर्नु पर्ने आवश्यकता माथि बढी जोड दिँदै आएको छ। यस सँगसँगै समुदाय तथा स्थानीय सरकारले विपद् जोखिम न्यूनीकरणमा निर्वाह गर्न सक्ने, निर्वाह गर्नु पर्ने भूमिकालाई व्यापक मात्रामा मान्यता प्रदान गरिएको छ। यसरी अवधारणाहरू तर्जुमा विपद्का लागि तयारी गर्नका निमित्त र तिनलाई सम्बोधन गर्न, स्थानीय समस्या तथा आवश्यकताहरूलाई सम्बोधन गर्दै, स्थानीय ज्ञान र विशेष ज्ञानबाट लाभ उठाउँदै र समुदायका प्राविधिक तथा संगठनात्मक क्षमताहरूलाई सुदृढ पार्दै सङ्कटासन्नताको न्यूनीकरण गर्न र विपद् प्रतिको उत्थानशीलताको अभिवृद्धि गर्न तर्जुमा गरिने अग्रसरता लिइरहेको छ।

अब कीर्तिपुर नगरपालिकाका सार्वजनिक विद्यालयहरू लगायत नीजि तथा आवसीय विद्यालयहरूमा भूकम्पीय जोखिम न्यूनीकरण तथा जोखिम प्रति पूर्वतयारीको माध्यमबाट भूकम्पीय सुरक्षा अभिवृद्धि गर्न अत्यावश्यक छ र साथमा गैर प्राकृतिक विपद्हरु जस्तै महामारी, अनिकाल आगलागी लगायत शीतलहर, हूरी वतास,चट्याङ जस्ता प्रकोपका घट्नाहरूबाट उच्च सङ्कटासन्न अवस्थामा रहेको छ। नेपाल पनि यो विषयमा अछुतो छैन। गत साल २०७२ बैशाख १२ गते गोर्खा केन्द्र विन्दु भएको ७.६ रेक्टर स्केलको विनासकारी भूकम्प र त्यस पछिका साना ठूला पराकम्पनहरूले नेपालमा भएको ब्यापक मानवीय क्षति र भौतिक संरचनाको अथाह नोक्सानीले हामीलाई गतिलो पाठ सिकाएको छ। गोरखा भूकम्पले भूकम्पीय सुरक्षा र यस्को पूर्वतयारीका सम्बन्धमा मानिसको मानसिकता नै परिवर्तन गरेको छ भन्न सकिन्छ। त्यसैले अहिले बलियो घर संरचना निर्माण गर्नु पर्नेमा कीर्तिपुरबासीहरू एकमत हुन आवश्यक देखिन्छ। कीर्तिपुरमा भूकम्पीय जोखिम र अन्य प्रकोपको जोखिम स्थानीय भौगोलिक परिवेशअनुसार फरक रहेको छ। त्यसैले स्थानीय समुदाय वा विद्यालयको बहुप्रकोपीय जोखिमको कुरा गर्दा र त्यसको जोखिम न्यूनीकरण गर्ने रणनीति बनाउँदा उक्त स्थानको समुदायको प्रत्यक्ष संलग्नतामा विज्ञहरू सहितको सुझाव लिई कीर्तिपुर नगरपालिकाले उपत्यका स्तरीय नगरपालिका मध्ये हाम्रोमा पाठ्यपुस्तक तयार गरि अगाडि बढ्न नगर प्रमुखबाट होस् भनी कामना गर्दछु। यसरी नेपालको वर्तमान नयाँ संघीय संरचना अनुसार कीर्तिपुर नगरपालिका मार्फत विद्यालय संचालन र २५ प्रतिशत विद्यालय पाठ्यपुस्तक स्थानीय सरकार (कीर्तिपुर नगरपालिका) मार्फत गर्न सक्ने प्रावधानलाई कार्यान्वयनमा ल्याउन पनि मद्दत गर्दछ। यी दुवै पक्षलाई मनन् गरी कीर्तिपुर नगरपालिका र विद्यालय परिवारको प्रत्यक्ष संलग्नतामा उक्त स्थानको बहु प्रकोपको लेखाजोखा गरि विज्ञहरूको राय सुझाब सहित शिक्षक र विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी ज्ञान र चेतना अभिवृद्धि गर्ने उद्देश्य सहित शिक्षकहरूको लागि निर्देशिका र निर्देशिकामा आधारित विद्यार्थीहरूको अभ्यास पुस्तिका तयार गरि अगाडि बढौं भनेर नगर प्रमुख समक्ष हार्दिक अनुरोध गर्दछु।

**मेरो धारणा**

कीर्तिपुर नगरपालिकाले उपत्यका स्तरीय नगरपालिका मध्ये हाम्रोमा पाठ्यपुस्तक तयार गरि अगाडि बढ्न नगर प्रमुखबाट होस् भनी कामना गर्दछु।



क्रमशः

*(लेखक नगर स्तरीय विपद् तथा जलवायु उत्थानशीलता समितिका विज्ञ हुन् ।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीर्तिपुरमा कोरोना परीक्षण शुभारम्भ



कीर्तिपुरमा कोरोना प्रयोगशाला (PCR LAB) गत असार २३ गते मंगलबारदेखि शुभारम्भ भएको छ। नेपाल सरकार स्वास्थ्य मन्त्रालयको सहयोग र त्रिवि बायोटकको सहकार्यमा कीर्तिपुर नगरपालिकाले त्रिवि स्थित लायन्स रक्त सञ्चार केन्द्र भवनमा यो प्रयोगशाला सञ्चालन गरेको हो। कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन तथा त्रिभुवन विश्वविद्यालयका उपकूलपति प्रा.डा.धर्मकान्त वास्कोटाले संयुक्तरुपले रिवन काटी उक्त प्रयोगशालाको उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा त्रिविका उपकुलपति वास्कोटाले त्रिविमा ३ वटा पीसीआर मेसिन भएकोमा एउटा त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा र अर्को वाहिर जिल्लामा रहेको पीसीआर प्रयोगशालामा पठाइसकेको र बाँकी एउटा कीर्तिपुर नगरपालिकाले बनाएको यस प्रयोगशालामै राखेको बताउनु भयो। नगर प्रमुख महर्जनले लामो समयपछि बनाएको यस पीसीआर प्रयोगशालाले कीर्तिपुरबासीले पहिलो प्राथमिता पाउने स्पष्ट पार्नुभयो।

यस प्रयोगशालामा कीर्तिपुरबासीका लागि स्वास्थ्य शाखाले स्वाव सङ्कलन गर्ने कार्य थालनी गर्न छुट्टै योजना बनाएको छ। हाल यस प्रयोगशालामा पुरानो परीक्षण गरिसकेको भेरिफिकेसनका लागि परीक्षण नै गरिरहेको छ।

कार्यक्रममा नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का, त्रि.वि.बायोटेक विभागका कृष्णदास मानन्धरलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# कीनपाका कर्मचारीहरूद्वारा नगर प्रमुखको ध्यानाकर्षण



कीर्तिपुर नगरपालिकाका कर्मचारीहरूले नगर प्रमुख रमेश महर्जनलाई ध्यानाकर्षण पत्र बुझाएका छन्। गत असार २३ गते मंगलबार नेपाल नगरपालिका कर्मचारी एशोसियसन, कीर्तिपुर इकाईका अध्यक्ष अनुज प्रधानको नेतृत्वको एक प्रतिनिधिमण्डलले नगर प्रमुखलाई भेटी ध्यानाकर्षण पत्र बुझाएका थिए।

अध्यक्ष प्रधानले ध्यानाकर्षण पत्र पढेर सुनाएका थिए। वि.सं. २०५३ सालमा कीर्तिपुर लाई नगरपालिका घोषणा गरेताका जुन पदमा कार्यरत थिए हालसम्मा पनि सोही पदमै रहेर काम गर्नु परिरहेकोले कर्मचारीको वृद्धि विकास नभएको साथै कर्मचारीको मनोवल पनि नबढेकोले यस कुरामा ध्यान दिन आग्रह गर्नुभयो।

ध्यानाकर्षण पत्र बुझ्नुहुँदै नगर प्रमुख महर्जनले कर्मचारीको वृद्धि विकास नहुनु दुखद् भएको भन्नुहुँदै यसमा नेतृत्ववर्ग सकारात्मक भएको बताउँनु भयो। साथै कर्मचारीहरूले पनि आफ्नो ज्ञान र सीपले भ्यायसम्म लगनशील भई काम गर्नुपर्ने कुरामा जोडदिनुभयो। कार्यक्रममा उप-प्रमुख सरस्वती खड्का, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो।

# नवनिर्मिट ट्रृष्ट (भवन)को नगर प्रमुखद्वारा उद्घाटन



कीर्तिपुर नगरपालिका वडा नं. ६, खत्रीछापमा बनेको ट्रृष्टको असार २७ गते शनिवार कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले रिवन काटी उद्घाटन गर्नुभएको थियो। नगर पालिकाको ४ लाख रुपैंया र उपभोक्ता समितिको ४८ हजार गरी जम्मा ४ लाख ४८ हजार बजेटमा उक्त दुईतले ट्रृष्ट (भवन) निर्माण भएको हो।

यो ट्रृष्ट निर्माण गर्न बबिता केसीको अध्यक्षतामा खत्री छाप ट्रृष्ट निर्माण उपभोक्ता समिति गठन गरी २०७७ साल जेठ ३२ गते कीर्तिपुर नगरपालिकामा सम्झौता सम्पन्न गरेको थियो। असार १ गते देखि योजना शुरु भएको उक्त योजना असार २० गते सम्पन्न हुनुपर्नेमा समयमै सम्पन्न गरेको थियो।

कार्यक्रममा नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का, वडा नं. ६ का अध्यक्ष न्हुच्छेबहादुर महर्जन, वडा नं. ६ का सदस्यद्वय उत्तम नेपाल र सुनिल डंगोलले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

# उप-प्रमुखपाखें थीथी योजनाया निरीक्षण




किपू नगरपालिकाया उप-प्रमुख लिसें अनुगमन समितिया कजि सरस्वती खड्कां थीथी योजनाया निरीक्षण व अनुगमन यानादीगु दु। वंगु असार २६ गते किपू नगरपालिका वडा नं. ५ व ६ य् न्ह्यानाच्वंगु थीथी योजनातय्‌गु अनुगमन यानादीगु खः।

छड्केरुपं याःगु थजाःगु अनुगमनयात उपभोक्ता समिति व ठेकेदारतय्‌सं तकं सकारात्मकरुपं काःगु दु।

---

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को माहामारीमा र ाहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

१७०००३०७०२०००२

## कीर्तिपुर नगरपालिकाका सहकारी संस्थाहरूलाई जरुरी सूचना

मिति २०७४।११।२ मा प्रमाणिकरण भई कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ लागु भई सकेको सन्दर्भमा यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्र दर्ता भई संचालनमा रहेका सहकारी संस्थाहरूले उक्त ऐनका निम्न बमोजिमका प्रावधान कार्यान्वयन गर्न, गराउन हुन अनुरोध छ।

१) कीर्तिपुर नगरपालिका सहकारी ऐन,२०७४ को दफा २२ (१) बमोजिम एक प्रकृतिको संस्थामा एउटा मात्र सदस्यता लिने वा कायम राख्ने ।

२) संरक्षित पूँजी फिर्ता कोषको रकम सहकारी नियमावली, २०७५ को नियम २५ बमोजिम तत्काल वितरण गरी बाँकी रहेको रकम जगेडा कोषमा जम्मा गर्नु हुन।

३) दफा २२ (२) अनुसार कृतिम सदस्य हटाउने ।

४) कारोवारमा केन्द्रित हुनुपर्ने सहकारी संस्थाहरूले तत्काल सम्बोधन गर्न कार्यान्वयन गर्नु पर्ने विषयहरूः

क) दफा ३० (१) एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढी सञ्चालक हुन नपाउने।

ख) दफा ३० (२) उपलब्ध भएसम्म समितिहरूमा ३३% महिलाहरूलाई समेट्नु पर्ने।

ग) दफा ३० (३) समितिमा एउटै परिवारका एक भन्दा बढी सदस्यको उम्मेदवार बन्न र निर्वाचित नहुने व्यवस्था गर्ने।

घ) दफा ३० (४) २ करोड भन्दा बढीको कारोवार भएको संस्थामा संचालक कर्मचारी हुन नपाउने र यदि यस्तो स्थिति कायम रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र त्यस्तो संचालकले पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्ने।

ङ) दफा ३० (६) एउटै कर्मचारी एक भन्दा बढि सदस्य भएको सहकारीमा एउटामा संचालक र अर्कोमा कर्मचारी भएको अवस्था छ भने यो ऐन १ वर्ष भित्र कुनै एक संस्थाको मात्र संचालक वा कर्मचारी रहनु पर्ने प्रावधान रहेको हुँदा यदि कुनै सहकारीले कामकारवाही नगरेको/नरहे अवस्था छ भने तुरुन्त कार्वाही गर्ने।

च) कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ अनुसार सहकारीहरूको अवका संचालक समितिको कार्याविधि ४ वर्ष कायम गरी सकेको हुँदा ४ वर्ष पूरा हुनु एक महिना अघि समितिहरूको निर्वाचन सम्पन्न गर्ने व्यवस्था गर्ने।

---

**कीर्तिपुर नगरपालिका**
**सहकारी शाखा**

# च्वबाहाः वनेगु लँ ढलान जुल





किपू नगरपालिका वडा नं. ६ स्थित च्वबाहाः वनेगु लँ ढलान याःगु दु । च्वबाहाःया देयूपुखू मार्गया थ्व लँ थ्यंमथ्यं २० फुट चौडाईया दुगु धाःगु दु। प्रदेश स्तर या थ्व योजनाया किपू नगरपालिकाया नगर प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, वडा नं ६ या अध्यक्ष न्हुच्छे बहादुर महर्जन, वडा नं. ६ या सदस्य सुनील डंगोलं निरीक्षण यानादीगु खः।

च्वबाहाः सशस्त्र प्रहरी पोष्टं आदिनाथ द्यःयाथाय् वनेगु थ्व लँ ढलान जूगुलिं लँजुवातयूत यक्वः हे अःपुइगु धाःगु दु।

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

## कोरोना बिमाको लागि सिलबन्दी प्रस्ताव प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०३/२४)

विश्वव्यापी महामारीका रुपमा कोरोना भाईरसको संक्रमण नेपालमा पनि बढ्ने क्रममा रहेकोमा संक्रमणको जोखिमलाई मध्यनजर गर्दै यस कीर्तिपुर नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुरुप नगरपालिकाका निर्वाचित जनप्रितिनिधि तथा कर्मचारीहरुको कोरोना विमा गर्ने भन्ने भएको हुदाँ ईच्छुक ईजाजतपत्र प्राप्त बीमा कम्पनीहरुलाई तपशील बमोजिमका कागजपत्रहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यलय समयभित्र नगरपालिकाको राजश्व शाखामा रु. ११० बुझाई सिलबन्दी प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

**तपशिल-**

१. बिमा कम्पनीका रुपमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
२. संस्था नवीकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. वीमाका विभिन्न किसिमका स्कीमहरुको वृस्तृत विवरण ।
४. कम्पनीले प्रस्ताव पेश गर्दा आवश्यक ठानेमा अन्य विवरणहरु ।

कीर्तिपुर नगरपालिका

## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

### सम्पर्कको लागि

कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरुरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।



**होल्डिङ्ग प्वाइन्ट** : कीर्तिपुर नगरपालिका परिसर सुन्दरीघाटमा रहेको राधास्वामी सत्संग ब्यास नेपाल। यहाँ विदेश लगायत बाहिरी जिल्लाबाट काठमाडौं आएकाहरू आफ्नो गन्तब्यतर्फ नजाउन्जेलसम्मका लागि बस्ने व्यवस्था मिलाइएको छ। दैनिक औसतमा ८० जना यस स्थानमा आउने गरेका छन् भने आएकै दिन जाने र बढीमा २० दिन सम्म पनि यस ठाउँमा बस्ने गरिएको बताइएको छ। असार २७ गते नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्कालगायतले यस ठाउँको निरीक्षण गर्नुभएको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# सूचना ! सूचना !! सूचना !!!

यस कीर्तिपुर नगरपालिकाबाट "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने कार्य "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ अनुसार आ.व. २०७६/०७७ को २०७६ असोज मसान्तसम्म कीर्तिपुर नगरपालिका अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरूको प्रमाणपत्र नवीकरण गर्नु पर्ने तथा दोब्बर दस्तुर तिरी २०७६ चैत्र मसान्तसम्म नवीकरण गर्नु पर्नेमा विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) का कारण २०७६ चैत्र ११ गते देखि पटक पटक गरी २०७७ जेष्ठ मसान्तसम्म लकडाउन भई राजश्व र नवीकरण सम्बन्धी कार्य हुन नसकेको र २०७७ आषाढ १ गते देखि नियमित रुपमा कार्यालय सञ्चालनमा आएको हुँदा यस नगरपालिकाको मिति २०७७ आषाढ १२ गतेको नगर प्रमुख स्तरीय निर्णयनुसार उक्त "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने म्याद दोब्बर दस्तुर तिरी मिति २०७७ आषाढ मसान्तसम्म थप गरिएको हुँदा सम्पूर्ण निर्माण व्यवसायीहरूको जानकारीको लागि अनुरोध छ। उक्त समयमा नवीकरण नभएमा निर्माण व्यवसायी प्रमाणपत्र कार्यविधि अनुसार इजाजत पत्र स्वतः खारेज हुने बेहोरा समेत अनुरोध गरिन्छ।

**कीर्तिपुर नगरपालिका**
**राजश्व शाखा**

# सामुदायिक होम स्टे (घरबास) तालिम कार्यक्रमको उद्घाटन



कीर्तिपुर नगरपालिका वडा नं. ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जनले हिजो आषाढ २८ गते आइतबारका दिन वडा नं. ६, महांकालस्थान स्थित सामुदायिक भवनमा तारा गाउँ विकास समितिको सहयोगमा जलविनायक सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत सञ्चालित ४ दिने सामुदायिक होम स्टे (घरबास) सम्बन्धी तालिम कार्यक्रमको समुद्घाटन गर्नुभयो। ३१ जना प्रशिक्षार्थी सहभागी रहेको उक्त कार्यक्रम यही ३१ गते समापन हुनेछ।

तालिम कार्यक्रमको समुद्घाटन गर्नु हुँदै प्रमुख अतिथि वडाध्यक्ष न्हुच्छेबहादुर महर्जनले चोभार, जलविनायक क्षेत्र सहित वडा नं. ६ को समग्र विकासका लागि आफू हरदम क्रियाशील रहेको र नगरपालिकाको आगामी आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम एवं वजेट मार्फत समेत विशेष सम्बोधन गर्ने प्रयास भइ रहेको जानकारी गराउनु भयो।

कार्यक्रममा विशिष्ट अतिथी तारा गाउँ विकास समितिका अध्यक्ष प्रल्हाद न्यौपानेले उक्त तालिम काठमाण्डौ जिल्लाको अपार सम्भावना बोकेको चोभार स्थित जलविनायक सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा पहिलो पाईला भएको धारणा राख्नु भयो। यो होम स्टे प्रवर्द्धन तथा पर्यापर्यटन विकासका लागि तारा गाउँ विकास समिति तथा आफ्नो तर्फबाट विशेष सहयोग र सद्भाव राख्ने प्रतिवद्धता समेत जनाउनु भयो। कार्यक्रमका प्रमुख प्रशिक्षक राम प्रसाद उपाध्यायले तालिमको समग्र विषयवस्तु र तालिममा अवलम्वन गरिने विधि उपर धारणा राख्नु भएको थियो। समूहका अध्यक्ष दीपक महर्जनको सभापतित्व कार्यक्रममा समूहका कोषाध्यक्ष सुजिन्द्र महर्जनले कार्यक्रमको उद्देश्य र आवश्यकता सम्बन्धमा प्रष्ट पार्दै स्वागत मन्तव्य राख्नु भएको थियो भने सचिव शुभलक्ष्मी (सुनीता) शाक्यले सञ्चालन गर्नु भएको थियो।

## सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

कीर्तिपुर नगरपालिका भवन, फोनः ४३३११८९
ईमेल : nagarsandes@gmail.com

## विषय: अत्यन्त जरुरी सूचना

नगर स्तरीय परीक्षा, कक्षा ८ को ग्रेड सिट वितरण भइरहेकाले यथाशिघ्र शिक्षा शाखाबाट बुझी रुजु गरी बुझाउन सम्पूर्ण विद्यालयहरुलाई सुचित गरिन्छ।

कीर्तिपुर नगरपालिका शिक्षा शाखा,
कीर्तिपुर

## कीर्तिपुर नगरपालिका सहकारी शाखाको सूचना

सहकारीको मूल्य र मान्यता तथा सहकारी नियमावली, २०७५ को नियम २५ बमोजिम सबै सहकारी संस्थाहरूमा जम्मा भएका गत आर्थिक वर्षको कारोवारको संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गर्ने आधारहरू तपशिल बमोजिम तोकिएको र उक्त रकम चालु आर्थिक वर्षभित्र वितरण गरी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्ने स्पष्ट व्यवस्था गरेको हुँदा सोही वमोजिम गर्न हुन सबै संस्थाहरुलाई सूचित गरिन्छ।

ऐनको दफा ४८, नियमावली, २०७५ को नियम २५ बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरूलाई रकम वितरण गर्ने आधारहरू :-

१) उत्पादक संस्थालाई सदस्यले विक्रि गरेको उपजको मूल्य,
२) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,
३) उपभोक्ता सहकारी भए संस्थासँग सदस्यले खरिद गरेको सेवा वा वस्तुको मूल्य,
४) श्रमिक सहकारी भए संस्थावाट प्राप्त गरेको ज्याला,
५) बहुउद्देश्यीय भए सबै आधार,
६) तर भाखा नघाएको ऋणको व्याजलाई आधार नमान्ने,
७) कोष वितरण गर्न बचतका लागि ४०% र ऋणका लागि ६०% प्रतिशत भारको गणना गरी गर्ने।

**कीर्तिपुर नगरपालिका
सहकारी शाखा**

# कीनपाद्वारा बालबालिका लक्षित रेडियो शिक्षा कार्यक्रम सञ्चालन







कोभिड-१९ को महामारीका कारण अन्य क्षेत्र जस्तै शिक्षा क्षेत्र पनि ठप्प रहेको आवस्थामा विद्यालय शिक्षामा संलग्न आफ्ना हजारौं बालबालिकाको भविष्यप्रति चिन्तित कीर्तिपुर नगरपालिकाले रेडियो शिक्षा कार्यक्रम मार्फत विद्यार्थीहरूलाई सम्बोधन गर्ने प्रशंसनीय प्रयास शुरु गरेको छ।

महामारीका कारण प्रभावित बालबालिका, अलमल अभिभावक र घर भित्रै बस्न बाध्य शिक्षकहरूलाई २०७७ बैशाख ३ गते नै प्रधानाध्यापक, प्रिन्सिपलहरूसँग भौतिक दूरी सहितको बैठक बसी शिक्षक अभिभावक र विद्यार्थीको अवस्था बुझ्नका लागि सम्पर्क गर्न नगरपालिकाले निर्देश गरेको थियो । सोही दिनदेखि एक आईसिटी कमिटी गठन गरी विद्यार्थीहरूलाई इन्टरनेट, सामाजिक सञ्जालको सहयोगमा रचनात्मक काम गर्न र शैक्षिक सामग्री पठाउने, शेयर गर्ने काम शुरु गरेको थियो।

मुलुकमा बन्दाबन्दी बढ्दै गएपछि एसईई समेत नहुने घोषणा भएको र **वैकल्पिक शिक्षण सिकाइ सहजीकरण कार्यविधि–२०७७** प्रकाशमा आएको परिप्रेक्षमा नगरपालिका शिक्षा शाखाले स्थानीय नेवाः एफ.एम.सँग समेत सहकार्य गरी यही असार २१ गते आइतबार गुरु पूर्णिमाको दिन देखि कक्षा ६ देखि कक्षा १० सम्मका विद्यार्थी भाईबहिनीहरूलाई लक्षित गरी रेडियो शिक्षा कार्यक्रम प्रारम्भ गरेको हो र निरन्तर सञ्चालनमा रहेको छ।

शाखाका विद्यालय सुपरिवेक्षक जुजुभाइ महर्जन र जनसेवा मा.वि.का प्रधानाध्यापक देबराज महर्जनको संयोजनमा अगाडि बढिरहेको उक्त रेडियो शिक्षा कार्यक्रम सोही शाखाका प्रमुख टङ्कलाल गैरेबाट उद्घाटन भई आरम्भ गरिएको थियो। आइतबारदेखि शुक्रबारसम्म प्रत्येक दिन बिहान ११ बजेदेखि २ बजेसम्म प्रत्यक्ष प्रसारण भइरहेको उक्त रेडियो शिक्षा कार्यक्रम सोही दिन साँझ ६ बजेदेखि ९ बजेसम्म पुनः प्रशारण भइरहेको बेहोरा समेत महर्जनले बताउनुभयो।

त्यसैगरी शिक्षा शाखाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको अभिभावकको सहयोगमा **बालबालिकालाई घरमा नै गराउन सकिने सिकाइ क्रियाकलापहरू** नामक पुस्तक समेत छपाई विद्यालयहरूलाई वितरण गरेको कुरा महर्जनले बताउनुभयो।

अर्का सहजकर्ता देवराज महर्जनले देशको विद्यमान विषम परिस्थितिमा कीर्तिपुर नगर पालिकाले सही निर्णय गरी शैक्षिक कार्यक्रम अगाडि बढाएको भन्दै नगरपालिका, नेवाः एफ.एम. र संलग्न शिक्षक शिक्षिकाहरूलाई धन्यवाद् ज्ञापन गर्नुभयो भने नगरभरिका शिक्षक शिक्षिकाहरू तथा विद्यार्थी भाइबहिनीहरूले रेडियो सुन्न र शाखाको फेसबुक पेज हेर्न पनि सल्लाह दिनुभयो।

महर्जनले नेवाःएफ.एम. १०६.६ मेगाहर्जमा कीर्तिपुर लगायत काठमाडौं र वरिपरीका जिल्लाका विद्यार्थीहरूले समेत सुन्न सकिने कुरामा जोड दिनुभयो। त्यसैगरी आफ्नो मोबाइलमा wow times एप डाउनलोड गरी वा हाम्रो पात्रो एप भित्र हाम्रो रेडियोमा गई र अनलाइनमा भए www.newafm.com.np लगअन गरी विश्वको कुनै पनि कुनामा रहेर सुन्न सकिने कुरा पनि जानकारी गराउनुभयो।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com